!!संस्कृति, पर्यटन, कृषि र पुर्वधार ! समावेशी सुनकोशी समृद्धिको आधार !!

# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुलखर्क,ओखलढुंगा

स्थापना: २०७३

पत्र संख्या: ०८०।०८१
चलानी नम्बर: ८२६

कोशी प्रदेश , नेपाल
मिति:-२०८०/१२/०१

**श्री वडा कार्यालयहरु (सबै) ,**

**सुनकोशी गा. पा. ओखलढुंगा ।**

**<u>बिषयः आ. व. ०८१।०८२ को लागि न्युनतम रोजगारीमा संलग्न हुन आवेदन दिने व्यक्तिहरुको आवेदन सहितको सूची उपलब्ध गराईदिने सम्बन्धमा ।</u>**

प्रस्तुत बिषयको सम्बन्धमा चालु आर्थिक बर्ष २०८०।०८१ मा यस सुनकोशी गाँउपालिकाको मिति २०८०।१०।२९ गते प्रकाशित सूचना बमोजिम तहाँ सम्पुर्ण वडा कार्यालयहरुमा प्राप्त हुन आएका आ. व. ०८१।०८२ को लागि न्युनतम रोजगारीमा संलग्न हुन आवेदनहरु संकलन गरि प्रधानमन्त्री रोजगार कार्यक्रम बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन,२०७६ को बुँदा नं. ४ र ५ बमोजिम बेरोजगार व्यक्तिहरुको आवेदन सहितको सूची वडा समितिबाट निर्णय गराई वडा अध्यक्षको सिफारिस सहित यस गा. पा. को रोजगार सेवा केन्द्रमा २०८० चैत्र महिनाको पहिलो हप्ता भित्र उपलब्ध गराई दिनुहुन जानकारीको लागि अनुरोध छ । यदि समय सिमा भित्र उपलब्ध नगराएको खण्डमा र EMIS मा सूचीकृत हुन छुटेमा रोजगार सेवा केन्द्र जवाफदेही हुने छैन ।

पुनश्चः सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन,२०७६ को बुँदा नं ४ मा उल्लेख गरिएको आवेदन छानविन गर्ने प्रक्रिया यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा, सुनकोशी गा. पा. ओ।

गाँउपालिकाको वेबसाइटमा upload तथा सबै वडा कार्यालयहरुमा पुग्ने गरी पत्राचार (email) गरिदिनु हुन ।

!!संस्कृति, पर्यटन, कृषि र पूर्वाधार ! समावेशी सुनकोशी समृद्धिको आधार !!

# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुलखर्क,ओखलढुंगा

स्थापना: २०७३

पत्र संख्या: ०८०।०८१
चलानी नम्बर: ८२५

कोशी प्रदेश , नेपाल
मिति:-२०८०/१२/०१

**निवेदनको छानविन गर्ने प्रक्रिया**

(क) निवेदकले तोकिएको समयभित्र आवेदन फाराममा भएका सबै विवरण भरी हस्ताक्षर सहितको आफ्नो स्थायी बसोबास भएको वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

(ख) आवश्यक विवरण र कागजात पुरा गरी प्राप्त भएका निवेदनलाई वडा कार्यालयले दर्ता गरी संकलन गर्नु पर्नेछ ।

(ग) संकलित निवेदनको वडा कार्यालयले प्रारम्भिक छानविन गरी बेरोजगार ठहर हुन आवश्यक मापदण्ड पुरा गर्ने व्यक्तिहरुको सूची तयार गर्नु पर्नेछ ।

(घ) प्रारम्भिक छानविनका क्रममा निवेदकबाट फाराममा उल्लेख भए बमोजिमको सम्पुर्ण विवरण प्राप्त भएको नपाइएमा वा प्राप्त विवरणहरु अपूर्ण भएमा वा आवेदक बेरोजगार भए/नभएको जानकारी स्पष्ट हुन नसकेमा वडा कार्यालयले निवेदकबाट आवश्यक थप विवरणहरु माग गर्न सक्नेछ ।

(ङ) थप विवरण माग गर्दा समेत सम्बन्धित व्यक्तिले सबै विवरणहरु उपलब्ध नगराएमा वडा कार्यालयले निजको निवेदनलाई अपूर्ण भएको मानी सो उपर कुनै कारवाही अघि नबढाउन सक्नेछ ।

(च) अपूर्ण वा कारवाही रोकिएको निवेदनका सम्बन्धमा सम्बन्धित वडाले सार्वजनिक सूचना प्रकाशन गरी वा सम्बन्धित व्यक्तिलाई सम्पर्क गरी जानकारी दिनु पर्नेछ ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत